# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

बबरमहल, काठमाडौं


प.सं. ज.वि./ /०७०/७१ मिति: २०७०/१२/२४

च.नं. 623

## प्रेस विज्ञप्ती

यस जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड र पावर ट्रान्समिशन कम्पनी नेपाल लिमिटेड (पि.टि.सि.यन.) वीच मिति २०७०/१२/२२ गतेका दिन पावर ट्रान्समिशन कम्पनी नेपाल लिमिटेडको शेयर खरिद सम्झौता सम्पन्न भएको छ ।

यस कम्पनीको संचालक समितिले पि.टि.सि.यन.को १४ प्रतिशत शेयर खरिद गर्ने निर्णय गरे बमोजिम कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिपक रौनियारले सो सम्झौतपत्रमा हस्ताक्षर गर्नु भएको हो ।

नेपाल र भारत वीच पहिलो क्रस बोर्डर प्रशारण लाईन अन्तर्गत हेटौडा-ढल्केवर खण्डमा यो पहिलो क्रस बोर्डर प्रशारण लाईन निर्माण गर्न लागिएको हो । यस पि.टि.सि.यन. कम्पनीको पूजी गत शेयर संरचनामा नेपाल विद्युत प्राधिकरणको ५० प्रतिशत, पावर ग्रिड कर्पोरेशन अफ इन्डिया लिमिटेडको २६ प्रतिशत, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको १४ प्रतिशत तथा आई.एल.एण्ड एफ.यस.इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको १० प्रतिशतका दरले लगानी रहेको छ । सो कम्पनीले पहिलो चरणमा हेटौडा-ढल्केवर ४०० के. भि. प्रशारण लाईन निर्माण गर्ने छ भने क्षेत्र पहिचान गरी अन्य प्रशारण लाईन समेत निर्माण गर्ने कम्पनीको लक्ष्य रहेको छ ।


पोष्ट बक्स नं. १३३५२, फोन : ०१-४२५७०२४, ४२५७०२५ Email: info@hidcl.org.np, URL: www.hidcl.org.np